परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ३८ पृष्ठ ४ २०८२ मंसिर १३ गते, शनिबार 29 November, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## जेनजी हत्यारा र भ्रष्टाचारीलाई कारबाहीको माग गर्दै आजपाले गऱ्यो आन्दोलन घोषणा

● टक नेपाल



आम जनता पार्टी (आजपा)ले जेनजी हत्यारा र भ्रष्टाचारीलाई कारबाहीको माग सहित सडक आन्दोलनमा उत्रिने निर्णय गरेको छ । आउँदो मंसिर १५ देखी पुस १५ गतेसम्म जेनजीकै अगुवाई अन्तरक्रियासहित प्रदर्शन गर्ने आजपाले जनाएको छ ।

काठमाडौंको कोटेश्वरमा बसेको आजपा केन्द्रीय कार्यालय (पदाधिकारी) बैठकले गरेको निर्णय शुक्रबार सार्वजनिक गर्दै आजपाले सडक आन्दोलनमा उत्रिने निर्णय गरेको जनाएको छ ।

'जेनजीमाथिको दमन बन्द गर्न, समातिएका जेन जीहरुलाई बिना सर्त रिहा गर्न तथा जेन जी हत्याराहरुलाई तुरुन्त कारबाही गर्न गराउन जनदबाब स्वरूप मंसिर १५ गतेदेखी पुस १५ गतेसम्म जेन जीको अगुवाईमा शहर केन्द्रित अन्तरक्रिया एवं प्रदर्शन गर्ने,' आजपा प्रवक्ता चन्द्रभुषण साहद्धारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको वर्तमान सरकारले जेनजी आन्दोलनका माग सम्बोधन गर्न असफल भएको निष्कर्ष सहित बैठकले अन्तरिम संविधान सहित नयाँ सरकार गठनको माग गरेको छ ।

यस्तै, जेनजी प्रतिनिधि, राजनीतिक दल र नागरिक अगुवाहरुको संयुक्त सम्बाद सम्मेलनमार्फत ठोस संवैधानिक निकास दिनका लागि सम्पूर्ण सरोकारवाला पक्षहरुको ध्यानाकर्ष गराउने निर्णय बैठकले गरेको छ ।

'सुशीला कार्की नेतृत्वको वर्तमान सरकार जेन जी आन्दोलनलाई सम्बोधन गर्न असफल रहेको निचोडका साथ आगामी निकासका लागि तत्काल अन्तरिम संविधान सहित नयाँ सरकार गठन तथा जेन जी प्रतिनिधि, राजनीतिक दल र नागरिक अगुवाहरुको संयुक्त संवाद सम्मेलनमार्फत ठोस संवैधानिक निकास दिनका लागि सम्पूर्ण सरोकारवाला पक्षहरुको ध्यानाकर्षण गराउने,' प्रवक्ता साहले बिज्ञप्ती उल्लेख गरेका छन् ।

यसैगरी आजपाले भ्रष्टाचारीलाई खबरदारी गर्न, दलतन्त्रको भण्डाफोर गर्न तथा व्यवस्थामा सुधारका लागि जनचेतना अभिबृद्धि गर्ने उदेश्यले मंसिर मसान्त भित्र प्रत्येक निर्वाचन क्षेत्रमा क्षेत्रीय भेलाको आयोजना गरी निर्वाचन परिचालन समिति गठन गर्ने निर्णय गरेको छ । पीडित उत्पीडितहरुको आत्मविश्वासमा अभिबृद्धि गर्न र भ्रष्टाचारीलाई खबरदारी गर्न आईटी मैत्री युवाहरुको गौरवशाली संगठन आईटी आर्मीको पुर्नगठन सहित विशेष तालिमको आयोजना गर्ने निर्णय बैठकले गरेको छ ।

आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहको अध्यक्षतामा बसेको बैठकले २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि आजपाले उम्मेदवारको पहिचान, छनौट र सिफारिसका लागि सम्बन्धित कमिटीहरुलाई निर्देशन समेत दिएको छ ।

## मधेस प्रदेशका मुख्यमन्त्री यादवविरुद्धको मुद्दा फेरि हेर्दाहेर्दैमा



● टक नेपाल

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवविरुद्धको रिटमा आज शुक्रबार पनि सुनुवाइ हुँदै छ ।

न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र नित्यान्द पाण्डेको संयुक्त इजलासमा सो मुद्दामा सुनुवाइ हुँदै आएको छ । विहीबार यो मुद्दामा सुनुवाइ नसकिएपछि हेर्दाहेर्दैमा राखिएको थियो ।

मधेश प्रदेश कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवसहितका ७४ सांसदहरुले मुख्यमन्त्री यादवको नियुक्ति असंवैधानिक भएको जिकिर गदै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

मुख्यमन्त्री यादवविरुद्ध रकीप्रसाद यादव लगायतले दायर गरेको अर्को एक रिटमा न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले मधेश सरकारलाई दीर्घकालीन प्रभाव पार्ने खालका कुनै काम नगर्न आदेश दिएको थियो ।

संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्री नियुक्त भएका लोसपा नेता जितेन्द्र सोनलले विश्वासको मत पाउने स्थिति नदेखेर कात्तिक २२ गते प्रदेश सभामा राजीनामा घोषणा गरेपछि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले सबैभन्दा ठूलो दलको हैसियतमा एमाले दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन् ।

बिरामी भएको बहानामा काठमाडौं जान लागेको भन्दै महोत्तरीको बर्दिबासको पानस होटेलमा यादवलाई मुख्यमन्त्रीलाई शपथ ग्रहण गरएपछि चर्को आलोचना व्यहोरेकी भण्डारीलाई सरकारले प्रदेश प्रमुखबाट पदमुक्त गरेको थियो ।

नयाँ प्रदेश प्रमुखमा सुरेन्द्र लाभ कर्ण नियुक्त भएका छन् ।

## स्रोत नखुलेको १० लाख नगदसहित भारतीय पक्राउ

● टक नेपाल

वीरगन्ज नाकाबाट स्रोत नखुलेको रकमसहित एक भारतीय पक्राउ परेका छन् । पक्राउ पर्नेमा भारत बिहार मोतिहारी जिल्ला रक्सौल नगरपालिका-१ का ५३ वर्षीय सुरेन्द्र साह छन् ।

उनलाई प्रहरीले १० लाख रुपैयाँ हुण्डीको रकमसहित पक्राउ गरेको हो ।

विशेष सूचनाको आधारमा खटिएको चेकिङ टोलीले शुक्रबार वीरगन्ज महागनरपालिका-१६ रजतजयन्ती चोकबाट उनलाई पक्राउ गरेको हो । सडक खण्डमा जाँच गने क्रममा मधेश प्रदेश ०३ ०२५ प ९८०७ नम्बरको मोटरसाइकलमा सवार साहको मोटरसाइकलबाट उक्त रकम बरामद भएको हो । मोटरसाइकलको बायाँ तर्फको एयर फिल्टरबाट स्रोत नखुलेको उक्त रकम बरामद भएको हो । बरामद रकममध्ये नेपाली रुपैयाँ १ हजार दरका सात सय थान, पाँच सय दरका छ सय थान नोट रहेका थिए ।

साहलाई नगद र मोटरसाइकलसहित नियन्त्रणमा लिई आवश्यक अनुसन्धान कार्य भइरहेको पर्सा प्रहरी प्रवक्ता डीएसपी हरि बहादुर बस्नेतले जानकारी दिएका छन् ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# दोहनले दुब्लाएका संस्थान

लोककल्याणकारी राज्यको अनुभूति दिन गठन गरिएका सार्वजनिक संस्थानहरू नेपालमा भने असाध्यै आलोचित छन्। यहाँका प्रायः संस्थानहरू उत्पादन, सेवा प्रवाह, राज्यसँग नागरिकको पहुँच विस्तार, रोजगारी सिर्जना जस्ता सकारात्मक कारणले चर्चामा आउने गरेका छैनन्। बरु, राज्यले लगानी गरेको गन्यै गर्नुपर्ने, घाटामै गइरहने, भ्रष्टाचारको अखडा बनिरहने, कर्मचारीले अस्वाभाविक सेवा सुविधा लिएको लियै गर्ने जस्ता कारणले बदनाम भइरहेका छन्। सरकारले नै गठन गरेको पूर्वउपमहालेखा परीक्षक रामुप्रसाद डोटेलको संयोजकत्वमा तीन सदस्यीय कार्यदलले सार्वजनिक संस्थान तथा प्रतिष्ठानले कर्मचारीको सेवा सुविधा जथाभावी तोकेर राज्यस्रोत दोहन गरिरहेको निष्कर्ष निकालेको छ। ६० सार्वजनिक संस्था/निकायका नियमावली, विनियमावली र कानुनी प्रावधानको तुलनात्मक अध्ययन गरिएपछिको प्रतिवेदनमा कर्मचारीलाई ४१ थरीसम्म भत्ता दिने गरिएको उल्लेख छ। संस्थानहरू उकासिन नसक्ने तर सरकारी नीति, नियम र निर्देशनविपरीतका सेवा सुविधाको सूची भने लामै रहिराख्ने प्रवृत्ति अमिल्दो छ। त्यसैले सार्वजनिक संस्थानहरूलाई थप खोक्रो हुन नदिन यिनीहरूको सञ्चालन पद्धतिमै व्यापक हेरफेर आवश्यक रहेको प्रस्ट हुन्छ। कार्यदलको प्रतिवेदनमा राज्यकोषबाट लगानी भएका नियामक निकाय, प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक संस्थानले अर्थ मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, विभिन्न संसदीय समितिलगायतको निर्देशनविपरीत कर्मचारीलाई सेवा सुविधा दिने गरिएको उल्लेख छ। कर्मचारीलाई पानी भत्ता, हिसाब मिलान भत्ता, चाबी भत्ता, टेलर भत्ता, नियमन भत्ता, प्रोत्साहन भत्ता, शैक्षिक भत्ता, कार्यदक्षता भत्ता, आयोजना भत्ता, जोखिम (कठिन कार्य) भत्ता, पोसाक भत्ता, टेलिफोन भत्ता, खाजा खर्च, परिवहन भत्ता, आवास भत्ता, घर भाडा, अतिरिक्त समय भत्ता, वार्षिकोत्सव भत्ता, कोष भत्ता, उत्पादकत्व भत्ता, व्यवसाय प्रवर्द्धन/उत्प्रेरणा भत्ताजस्ता सुविधा दिने गरिएको छ।

सरकारले कर्मचारीलाई स्थानीय र महँगीबाहेकका भत्ता नदिने नीति लिए पनि संस्थानहरूले पालना गरेका छैनन्। त्यस्तै, संस्थानहरूले कर्मचारीलाई दिने मौद्रिक (तलब, भत्ता, बोनस, उपदान र पेन्सन) तथा गैरमौद्रिक सुविधामा पनि ठूलो असमानता रहेको पाइएको छ। यसबाट फरकफरक संस्थानहरूका कर्मचारीबीच नै फरकफरक तलब र सुविधा हुने र त्यो पनि स्पष्ट मापदण्डविपरीत हुने स्थिति बनेको छ। अस्वाभाविक सेवा सुविधाको भारकै कारण कर्मचारी वर्ग 'मोटाउँदै' जाने तर संस्थानहरू 'दुब्लाउँदै' जाने स्थिति बनेको छ। कमजोर वित्तीय क्षमता भएका संस्थानहरूमा कर्मचारी सेवा सुविधा अस्वाभाविक हुँदा स्वयं संस्थानकै दोहन हुन पुग्छ। जस्तो कि, अत्यधिक घाटामा रहेको वायुसेवा निगममा प्रत्येक वर्ष तीन महिनाको तलब बराबरको औषधि उपचार खर्च दिने गरिएको छ। अन्य संस्थानहरूले पनि यसैगरी सुविधा दिने गरेका छन्। यस्तो अवस्थामा प्रशासनिक खर्च र कर्मचारीको सुविधा व्यवस्थापनका लागि वित्तीय व्यवस्थापन गर्नु चुनौतीपूर्ण हुन्छ। जसकारण, कतिपय अवस्थामा सरकारले ऋण वा अनुदानमार्फत सहयोग गर्नुपर्ने अवस्था आउँछ, आइरहेको छ। यसले संस्थानहरूको दीर्घकालीन दायित्व बढाउँदै लैजान्छ।

परिणामतः आन्तरिक समस्या प्रमुख बन्छ, लक्षित उत्पादन/सेवा प्रवाह गर्ने काम भने प्राथमिकतामा पर्दैन। खर्च र ऋण बढ्ने तर त्यसलाई व्यवस्थापन गर्ने क्षमता भने नबढ्ने वा बढाउनै नसकिने दुष्चक्र निर्माण हुन्छ। अहिले घाटामा चलिरहेका कैयौं संस्थानहरूको साझा नियति यही हो। त्यहाँ कर्मचारीको संख्या छरितो छैन, ऋण छ, नाफामा पुग्ने गरी उत्पादन वा सेवा प्रवाह छैन, उच्च प्रविधिको प्रयोग गर्दै छरितो संरचनामार्फत उत्पादन वा सेवा प्रवाहमा गुणात्मक वृद्धि गराउनका लागि विभिन्न अवरोध छन्। सबैका कारणले संस्थानहरू स्वयं बोझ बनेका छन्। कमजोर स्थितिमा हुँदासमेत संस्थानहरूले अर्थ मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, विभिन्न संसदीय समितिलगायतको निर्देशनलाई भने लत्याउने गरेका छन्। अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र सेवा सुविधा प्रदान गर्न अर्थ मन्त्रालयले परिपत्र जारी गरेको थियो। महालेखा परीक्षक कार्यालयले संस्थानको सञ्चालक समितिको पारिश्रमिक र सुविधा नेपाल सरकारले निर्धारण गर्नुपर्ने र पारिश्रमिक तथा सुविधा निर्धारण गर्दा स्वार्थको द्वन्द्व हुने अवस्था अन्त्य गर्नुपर्ने निर्देशन दिएको थियो। सार्वजनिक लेखा समितिले कर्मचारीको सुविधा नेपाल सरकारको सहमति लिएर मात्र पुनरावलोकन गर्न/गराउन, भत्तालाई कार्यसम्पादन सूचकका आधारमा उपलब्ध गराउन मापदण्ड बनाई लागू गर्न निर्देशन दिएको थियो। तर तिनको कार्यान्वयन भएको छैन। त्यति मात्रै होइन, सरकारले ल्याएका ऐनलाई पनि बेवास्ता गरिएको पाइन्छ। 'योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४', 'निवृत्तिभरण कोष ऐन, २०७५' कार्यान्वयनमा ल्याइए पनि पेन्सन तथा उपदान सुविधा प्रदान गर्ने प्रचलन कायम छ। त्यसलाई रोक्न अर्थ मन्त्रालयले परिपत्र नै गरे पनि कार्यान्वयनमा भने अटेर गरिँदै आइएको छ। सन्दर्भहरूले यस्तो देखाउँछन् कि, सार्वजनिक संस्थान तथा प्रतिष्ठानहरू सरकारभन्दा माथिका निकाय हुन्। त्यसैले नियमन र निगरानीको बलियो प्रणाली र कार्यान्वयन अपरिहार्य छ।

बेथिति सुधारका लागि सरकारले लिएका नीतिहरू कडाइपूर्वक पालना हुने स्थिति निर्माण गर्नुपर्छ। त्यसलाई छलेर अपारदर्शी तवरले अवकाश सुविधा व्यवस्थापन गरेका संस्थानहरूमाथि कडा निगरानी र नियमन हुनुपर्छ। संस्थानहरूमा पारदर्शी र उत्तरदायित्व बढाउन सबै संस्थानले कर्मचारीको तलब भत्ता, सुविधा, बोनस तथा नियमावली/विनियमावली सार्वजनिक गर्नुपर्ने प्रणाली विकास गर्नुपर्छ।

# २० करोड बराबरको क्रिप्टो करेन्सीको कारोबार गरेको

## आरोपमा बाराका मोहम्मद सेफ पक्राउ

● टक नेपाल

प्रहरीले अवैध रूपमा क्रिप्टो करेन्सीको कारोबार गरेको आरोपमा काठमाडौँ महानगरपालिका-१५ डल्लु बस्ने मोहम्मद सेफलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौँका अनुसार अभौतिक मुद्रा क्रिप्टो करेन्सीको कारोबार गरिरहेको भन्ने सूचनाका आधारमा बारा कलैया नगरपालिका घर भई काठमाडौँको डल्लु बस्दै आएका सेफलाई पक्राउ गरिएको हो।

कारोबार गर्न प्रयोग भएको विभिन्न कम्पनीको मोबाइल दुई थानसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। सेफलाई नियन्त्रणमा लिई अनुसन्धान गर्दा १९ करोड ८१ लाख ४९ हजार ५ सय ८१ रुपैयाँ भन्दा बढी बराबरको अभौतिक कारोबार भएको पाइएको प्रहरीको भनाइ छ।

प्रहरीले अभौतिक मुद्राको प्रयोग गर्न नहुनेसम्बन्धी कसुरमा काठमाडौँ जिल्ला अदालतबाट पाँच दिनको समेत म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।



# प्रदेश सभाका १३ कर्मचारी हटाइयो,

## ५ लाई स्पष्टीकरण

● टक नेपाल

मधेश प्रदेशसभाका करारका १३ जना कर्मचारीलाई हटाइएको छ। तत्कालीन सभामुख रामचन्द्र मण्डलविरुद्ध पद तथा आचरण विरुद्धको कार्य गरेको (महाभियोग) प्रस्ताव दर्ताको बेला प्रतिपक्षी ७ दलीय गठबन्धनलाई प्रक्रियागत रुपमा असहयोग एवं हातपात गरेको आरोपमा तिनीहरुलाई हटाइएको छ।




महाभियोग प्रस्ताव दर्ता गर्ने क्रममा प्रतिपक्षी सांसदहरूमाथि हातपात भएको र त्यस क्रममा तत्कालीन सभामुख मण्डललाई सहयोग गर्ने १३ जना करार कर्मचारीलाई ७ दलीय गठबन्धनको सहमति अनुसार हटाइएको उपसभामुख राउतले जानकारी दिइन्। उनका अनुसार सभामुखको निजी सचिवालय बाहेकका करार कर्मचारीलाई हटाइएको हो।

साथै ४-५ जनामाथि अनुसन्धान जारी रहेको छ। सचिवालय स्रोतका अनुसार तत्कालीन सभामुख मण्डलका प्रमुख स्वकीय सचिव र उनको नातेदार रमेश मण्डल, स्वकीय सचिव धिरेन्द्र मण्डल र सतिश साह, कम्प्युटर अपरेटरसहितका कर्मचारीहरू सभामुखको राजीनामासँगै पदमुक्त गरिएका हुन्।

यस्तै कार्यालय सहयोगी दीपक मण्डल, विश्वनाथ यादव र एक चालक लगायतका १३ जना करार कर्मचारी पनि हटाइएको छ। उपसभामुख राउतका अनुसार सभामुखलाई सहयोग गर्ने तर स्थायी दरबन्दीमा भएकाले तत्काल हटाउन नसकिने पाँच जना कर्मचारीसँग स्पष्टीकरण मागिएको छ। स्पष्टीकरण सोधिएका मध्ये सचिव होमनाथ पहाडी, उपसचिव विपिन ठाकुर, उपसचिव सुरेन्द्र कुमार कर्ण, कानुन अधिकृत अञ्जुकुमारी न्यौपाने र नासु विजेन्द्र यादव छन्।

उनले भनिन्, "महाभियोगको प्रस्ताव दर्तादेखि सांसदलाई पदमुक्त गर्ने प्रक्रियासम्म संलग्न भएको आरोपमा करार कर्मचारीलाई हटाएका हौं र स्थायी कर्मचारीसँग स्पष्टीकरण सोधेका छौं। अब सातदलीय गठबन्धनको बैठक बसेर आगामी कदम तय हुनेछ।" उपसभामुख राउतले भनिन् "संसदीय मर्यादा उल्लंघन गर्ने, प्रतिपक्षी दलमाथि हातपातमा संलग्न र सभामुखको निर्देशनमा काम गर्ने कर्मचारीलाई हटाइएको हो। सभामुख पदमा नरहेपछि उनका मान्छेले स्वयम् पद छोड्नुपर्ने हो।"



# फागुन २१ को निर्वाचनमा भाग लिने दलको संख्या १०८

टक नेपाल




आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा निर्वाचनमा भाग लिनका लागि १ सय ८ राजनीतिक दलले निवेदन दर्ता गराएका छन् । निर्वाचन आयोगका अनुसार फागुन २१ को निर्वाचनमा भाग लिनका लागि मंसिर १ गतेदेखि १० गतेसम्ममा १ सय ६ दलले दल दर्ता गराएकामा दल दर्ताका लागि थपिएको ४ दिनमा पहिलो दिन बिहीबार थप २ दल दर्ता भएका हुन् ।

बुधबार साँझ मात्रै आयोगले निर्वाचन प्रयोजनका लागि ४ दिन म्याद थप गर्ने निर्णय गरेसँगै बिहीबार थप २ दल दर्ता भएका हुन् । बिहीबार थपिने २ दलमा प्रेमकुमार थाम्सुहांग नेतृत्वको नागरिक बचाउ दल नेपाल र प्रकाश खड्का नेतृत्वको नेपाल जनसेवा पार्टी रहेका छन् ।

आयोगका अनुसार पुराना र नयाँ दल गरेर अहिलेसम्म आयोगमा १ सय ३९ दलको दर्ता कायम रहेकोमा १ सय ८ दल आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा निर्वाचनमा भाग लिनका लागि दर्ता भएका छन् ।

अहिलेसम्म दर्ता भएका दलमा आयोगका अनुसार आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधि सभा निर्वाचनमा १८ वटा नयाँ दलले पहिलो पटक निर्वाचनमा भाग लिने भएका छन् । आयोगमा अनुसार जेनजी आन्दोलनपछि दर्ता भएका २१ वटा नयाँ दलमध्ये बिहीबार साँझसम्म १८ वटा दलले आगामी निर्वाचनमा भाग लिनका लागि दल दर्ता गराएका हुन् ।

यस्तै, भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनपछि मात्रै २१ वटा नयाँ दल निर्वाचन आयोगमा दर्ता भएका छन् । आयोगका अनुसार गत साउनदेखि अहिलेसम्म दल दर्ताका लागि निवेदन पेश गरेकोमा २१ वटा नयाँ दल दर्ता भएका हुन् । दल दर्ताका लागि निवेदन दिएका १६ वटै दल भने दर्ताको प्रक्रियामै रहेका छन् ।

आगामी फागुन २१ को निर्वाचनमा भाग लिने प्रयोजनका लागि दर्ता गर्ने समय सीमा ४ दिन थपिएकाले अबको ४ दिन भित्र नयाँ दल दर्ता गराउनेले पनि निर्वाचन प्रयोजनका लागि दर्ता गराउन सक्नेछन् ।

आयोगका अनुसार दर्ताको प्रक्रियामा रहेका दलमध्ये अधिकांशलाई ७७ वटै जिल्लाबाट ५ सय मतदाताको सनाखत गराउन मुस्किल भइरहेको छ ।

# कुलमान आफैं उपस्थित भएर उज्यालो नेपालको घोषणा सभा

टक नेपाल

उज्यालो नेपाल पार्टीले मंसिर १७ गते घोषणा सभा गर्ने भएको छ । पार्टी नेता महेन्द्र लावतीका अनुसार प्रज्ञा भवनमा उज्यालो नेपालले घोषणा सभा गर्ने भएको हो । उक्त घोषणा सभामा वर्तमान उर्जामन्त्री कुलमान घिसिङ आफै उपस्थित हुने लावतीले बताए । 'कुलमानजी प्रमुख अतिथि रहेर सभा हुन्छ । त्यसमा एकता गर्ने, सहकार्य गर्ने शक्तिहरू पनि जोडिनुहुन्छ,' उनले भने, 'चरणचरणका कार्यक्रम बनेका छन्, यसबारे विस्तारमा खुलाउँदै जान्छौं ।'

अहिलेसम्म उज्यालो नेपाल पार्टी र खगेन्द्र सुनारको हाम्रो पार्टी नेपालले आगामी प्रतिनिधिसभा निर्वाचनमा एउटै चुनाव चिह्न प्रयोग गर्ने भएका छन् । अन्य शक्तिसँग पनि सहकार्य र एकताबारे कुरा भइरहेकोले त्यसदिन अरु कोको उपस्थित हुन्छन् भन्ने विषय छलफलकै क्रममा रहेको पनि लावतीले बताए । उक्त घोषणा सभामा उज्यालो नेपाल पार्टीको दीर्घकालीन दृष्टि, मूल ध्येय र विस्तृत घोषणापत्र २०८२ औपचारिक रूपमा सार्वजनिक गर्ने समेत जनाइएको छ ।





## कृषि क्षेत्रको विकासका लागि देशभर कृषि सर्वेक्षण सुरु




टक नेपाल

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सरकारले कृषि क्षेत्रको विकासका लागि देशभर कृषि सर्वेक्षण सुरु गरेको छ । मन्त्रालयले सबै स्थानीय तह, प्रदेशको कृषि मन्त्रालयलगायत सरोकार भएका निकायसँगको समन्वयमा तथ्याङ्क सङ्कलन सुरु गरेको हो ।

तथ्याङ्क लिँदा दोहोरो गणना हुन सक्ने भएकाले एकद्वार प्रणालीबाट स्थानीय तहसँग समन्वय र सहकार्य गरिएको मन्त्रालयका तथ्याङ्क शाखा प्रमुख रामकृष्ण रेग्मीले जानकारी दिए ।

उनका अनुसार कृषि उत्पादन, पशुपालन, लागत, बजारीकरण, आम्दानी, सिँचाइ, पूर्वाधारको अवस्थालगायत विस्तृत विषयवस्तुलाई तथ्याङ्क सङ्कलन गरिने छ ।

गणकले किसानसँग प्रत्यक्ष भेटेर कृषि सर्वेक्षण गरिरहेका छन् । नमूना विधिका माध्यमबाट सङ्कलन गरिने तथ्याङ्कमा पहिलो चरणमा छ लाख किसान छनोट गरिने रेग्मीले जानकारी दिए ।

तीमध्येबाट ५१ हजार किसान छनोट गरी कृषि क्षेत्रमा उनीहरूको अनुभव तथा सरकारबाट प्रवाह गरिएका सेवा, सहुलियतमा लक्षित वर्गको पहुँच तथा समस्या पहिचान गरी आधिकारिक तथ्याङ्क सङ्कलन गरिने छ ।

राष्ट्रिय जनगणना र कृषि गणनापछिको महत्त्वपूर्ण राष्ट्रियस्तरको कार्यक्रमका रूपमा कृषि सर्वेक्षणलाई लिइएको छ । देशभर तथ्याङ्क सङ्कलन भएपछि त्यसलाई थप अध्ययन गरी अन्तिम परिणाम आगामी पुससम्म सार्वजनिक गरिने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सर्वेक्षण तथा तथ्याङ्क सङ्कलनका लागि स्थानीय तहमा क्षमता अभिवृद्धि गर्न तालिम तथा आवश्यक प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ । कृषि नीति तथा योजना तर्जुमा गर्न वैज्ञानिक आधार तयार पार्न तथ्याङ्क महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

## आईपीओ अनुमतिमा ढिलाइ,
# ८२ कम्पनीको पौने ५५ अर्बको सेयर प्रक्रियामा

डा. मुकेशराज काफ्ले




प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) का लागि नेपाल धितोपत्र बोर्डमा आवेदन दिने कम्पनीको संख्या ८२ पुगेको छ। कहिले अध्यक्ष नियुक्तिमा ढिलाइ, कहिले कर्मचारीको आन्दोलनलगायत बहानामा नियमित रूपमा कम्पनीहरूले आईपीओ अनुमति नपाउँदा प्रक्रियामा रहेका कम्पनीको संस्था थुप्रिँदै गएको हो ।

विगतमा जलविद्युत् आयोजनाको आईपीओ निष्कासनमा धितोपत्र बोर्डले एजेन्टमार्फत कमिसन मागेको भन्दै ऊर्जा उत्पादकहरू सार्वजनिक रूपमै विरोधमा उत्रिएका थिए । यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि अनुसन्धान थालेको थियो । अनुसन्धान अझै टुंगिएको छैन । यद्यपि बोर्डमा आईपीओका लागि पाइपलाइनमा रहेका कम्पनीको स्चूी हरेक दिन लम्बिँदै गएको छ ।

हाल आईपीओका लागि पाइपलाइनमा रहेका कम्पनी ५४ अर्ब ७९ करोड ९६ लाख रुपैयाँ बराबरको आईपीओ जारी गर्ने तयारीमा छन् । धितोपत्र बोर्ड पुस २०८० मा अध्यक्षविहीन भएपछि आईपीओको अनुमति प्रक्रिया रोकिएको थियो । सरकारले गत मंसिर २०८१ मा सन्तोषनारायण श्रेष्ठलाई अध्यक्ष नियुक्त गर्‍यो । श्रेष्ठ अध्यक्ष भएपछि पनि लामो समयसम्म आईपीओको लाइसेन्स रोकियो । यसकारण गत वर्ष २० कम्पनीले मात्र आईपीओ अनुमति पाएका छन् ।

कम्पनीले बोर्डबाट अनुमति पाएको दुई महिनाभित्र आईपीओ निष्कासन गरिसक्नुपर्ने कानुनी व्यवस्था छ। लामो समयसम्म सेयर निष्कासन अनुमति नपाउँदा आयोजनाहरूको पुँजी योजना तालिका नै प्रभावित भएको सम्बन्धित कम्पनीहरूको गुनासो छ। अघिल्लो सरकारले ल्याएको अध्यादेशमा सरकारको कार्यसम्पादनलाई छिटो छरितो र प्रभावकारी बनाउने उल्लेख थियो । अध्यादेशमार्फत संशोधन गरिएको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ मा विषयको प्रकृति हेरी सम्बन्धित अधिकारीले सूचना, प्रमाण वा कागजात प्राप्त भएको सात कार्यदिनभित्र निर्णय गर्ने उल्लेख छ । तर व्यवहारमा बोर्डले आईपीओ अनुमति दिने कामलाई तीव्रता दिएको देखिँदैन । विभिन्न कारणले आईपीओ अनमुति दिने प्रक्रियामा ढिलाइ भएको धितोपत्र बोर्डका अध्यक्ष श्रेष्ठले स्विकारे । 'बोर्डको काम आईपीओ अनुमति दिने मात्र होइन, अरू औजारहरूको पनि अनुमति दिन्छ । तर बजारमा कतिले आईपीओ अनुमति पाए भनेर हेरिन्छ । आईपीओ अनुमति दिने प्रक्रियामा पनि केही ढिलाइ भएको देखिएको छ,' उनले भने, 'करिब दुई महिना भएको कर्मचारीको आन्दोलनका कारण ढिलाइ भएको हो । आईपीओ अनुमति प्रक्रियालाई थप सहज बनाउन कम्पनीहरूको वित्तीय विश्लेषणको कामलाई केही सहज बनाएका छौं ।'

अब आईपीओ अनुमति दिने प्रक्रियाले गति लिने श्रेष्ठको दाबी छ । करिब ५/७ कम्पनीको फाइल अध्ययनको काम सकिएर अन्तिम चरणमा रहे पनि कर्मचारीको आन्दोलनले अनुमति दिन नसकिएको उनले बताए । अब ती कम्पनीले आईपीओ निष्कासन अनुमति पाउने अध्यक्ष श्रेष्ठले जनाए । 'एकै पटक धेरै कम्पनीलाई आईपीओ अनुमति दिन भएन, बजारमा माग पक्षमा सुधार नभएको अवस्थामा नयाँ आईपीओले सेयरको आपूर्ति मात्र बढाउँछ भन्ने लगानीकर्ताको माग छ,' उनले भने, 'यसकारण सबै पक्ष विचारेर आईपीओको अनुमति दिन्छौं ।' आफू अध्यक्ष भएयता बोर्डले १९ कम्पनीलाई आईपीओ, चार वटालाई एफपीओ, एउटालाई अग्राधिकार सेयर, १६ वटालाई हकप्रद सेयर, ९ वटालाई ऋणपत्र, २६ वटा सामूहिक लगानी कोष र चार वटालाई सिस्टमेटिक इन्भेस्टमेन्ट प्लान (एसआईपी) का लागि अनुमति दिएको श्रेष्ठको भनाइ छ । ती कम्पनीले ९० अर्ब ३६ करोड १५ लाख ४१ हजार रुपैयाँ बराबरको विभिन्न प्रकारका धितोपत्र निष्कासनका लागि अनुमति पाएको बोर्डले जनाएको छ । प्रतिसेयर नेटवर्थ ९० रुपैयाँभन्दा माथि रहेका कम्पनी मात्र आईपीओ पाइपलाइनमा पर्ने बताएको छ । यसअघि संसद्को सार्वजनिक लेखा समितिले ९० रुपैयाँभन्दा कम नेटवर्थ भएका कम्पनीको सेयर निष्कासन प्रक्रिया अघि नबढाउन निर्देशन दिएको थियो । सोही निर्देशनका आधारमा ९० रुपैयाँभन्दा कम नेटवर्थ भएका कम्पनी पाइपलाइनमै हुँदैनन् । विगतमा बोर्डले नियम संशोधन गरेर कम्पनीको पुनः मूल्यांकन गरी मूल्य बढाएर आईपीओ जारी गर्ने प्रयोजनका लागि नेटवर्थमा गणना गर्न पाउने बनाएपछि 'लिक्विडेसन' (खारेजी) मा जान लागेका कम्पनीले पनि आफूखुसी मूल्यांकन बढाएर आईपीओ जारी गर्न थालेपछि संसदीय समितिले नेटवर्थको सीमा कायम गर्न निर्देशन दिएको थियो ।

'लगानीकर्ताको प्रतिस्पर्धाबाट मूल्य निर्धारण गरिने बुक बिल्डिङ प्रक्रिया अवलम्बन गर्न र पुनःमूल्यांकन नगरी नेटवर्थ ९० रुपैयाँभन्दा बढी भएका कम्पनीलाई मात्रै आईपीओ जारी गर्न दिने गरी कार्यसम्पादन गर्न बोर्डलाई निर्देश गर्दछ,' समितिले १२ पुस २०८० मा दिएको निर्देशनमा भनिएको छ ।

बोर्डका अनुसार हाल ८२ कम्पनीले सर्वसाधारणलाई ३८ करोड ९ लाख ८४ हजार ८ सय ३५ कित्ता सेयर (आईपीओ) जारी गर्न अनुमति मागेका हुन् । होटल तथा पर्यटन क्षेत्रका पाँच कम्पनीले १ अर्ब ६४ करोड ६० लाख रुपैयाँ बराबरको १ करोड ६४ लाख ६० हजार कित्ता आईपीओ जारी गर्न निवेदन दिएका छन् । ४० जलविद्युत् आयोजनाबाट १७ अर्ब ६५ करोड ६५ लाख ९० हजार रुपैयाँ बराबरको १७ करोड २४ लाख ९३ हजार कित्ता सेयर जारी गर्न बोर्डमा आवेदन परेको छ । लगानी समूहअन्तर्गत चार कम्पनीले ३ अर्ब १४ करोड १० लाख ३७ हजार रुपैयाँ बराबरको १ करोड ४६ लाख ५० हजार ३ सय ७५ कित्ता आईपीओ जारी गर्न आवेदन दिएका छन् ।

उत्पादन तथा प्रशोधनतर्फ १९ कम्पनीले २७ अर्ब ४५ करोड ७४ लाख १६ हजार रुपैयाँ बराबरको १३ करोड ११ लाख १७ हजार २ सय ७२ कित्ता सेयर निष्कासन प्रक्रियामा छन् । लामो समयसम्म सेयर निष्कासन अनुमति नपाउँदा जलविद्युत् आयोजनाको पुँजी योजना तालिका बिग्रिएको र यसले जलविद्युत् प्रणालीमा नै समस्या पारेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीको भनाइ छ ।


लगानीकर्ताले आयोजना बनाउँदा ७० प्रतिशत पुँजी आफैं हाल्ने र बाँकी ३० प्रतिशत सेयर बिक्री (इक्विटी) मार्फत जुटाउने भनिएको हुन्छ । त्यसमध्ये १० प्रतिशत सेयर आयोजना प्रभावित स्थानीयलाई वितरण गरिन्छ । २० प्रतिशत अन्य सर्वसाधारणलाई वितरण गरिन्छ ।

तोकिएको समयमा सेयर जारी गर्न नपाउँदा आयोजनामा स्रोतको समस्या भएको कार्कीले जनाए । 'बैंकमा पुँजी योजनाको खाका बुझाउँदा अहिले ७० प्रतिशत पुँजी लगानी गर्छौं, बाँकी ३० प्रतिशत यति समयभित्र स्थानीय र सर्वसाधारणलाई सेयर बिक्री गरेर राख्छौं भन्ने प्रतिबद्धता गरिएको हुन्छ,' उनले भने, 'आईपीओ जारी गर्न नपाउँदा २२ महिनादेखि आयोजनाको काम रोकिएको छ । बैंकहरूले आईपीओ जाँदैनन्, जसरी भए पनि बाँकी ३० प्रतिशत पैसा हाल्नुपर्‍यो भन्दै ताकेता गर्न लागेका छन् । यसले आयोजनामा झनै समस्या थपेको छ ।'

कुनै आयोजनाले आईपीओ जारी गरेपछि ऋण तिर्ने सर्तमा बैंकबाट अल्पकालीन ऋण लिएका हुन्छन् । 'ती कम्पनीले आईपीओ जारी गर्न पाएका छैनन्, अहिले बैंकले ऋण तिर भनेर दबाब दिइरहेका छन्,' कार्कीले भने । जलविद्युत् आयोजनाले समेत सेयर निष्कासन गर्नुअघि क्रेडिट रेटिङ गर्नुपर्ने कानुनी व्यवस्था छ । त्यससँगै अन्डरराइटिङ (सेयर बिक्री भएन भने म किनिदिन्छु भन्ने सम्झौता) गर्नुपर्छ ।









बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014